## नेपाल सरकार

## गृह मन्त्रालय

## वरफवाग, सिंहदरवार

## <u>जीप खरिद कार्यको शिलवन्दी वोलपत्र आव्हान सम्वन्धी सुचना</u>

## गो.प.मा प्रथम पटक प्रकाशित मिति २०७२।८।५ गते

चालू आ.व. ०७२।७३ मा यस विभागको लागि आवश्यक भएको जिप थान १(एक) वोलपत्रको माध्यमद्वारा खरिद गर्नू पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छूक अधिकृत विक्रेता तथा फर्महरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिन्छ ।

१। वोलपत्र फाराम यो सुचनमा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नेपाल सरकारवाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरुवाट चालू आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७१।७२ को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संलग्न गरि रु.१० को टिकट टांसी पेश गरेमा प्रति थानको नगद रु.३,०००।- (तिनहजार) पछि फिर्ता नहूने गरि यस विभागवाट प्राप्त गर्न सकिने छ ।

२। वोलपत्र फाराम साथ को.ले.नि.का काठमाण्डौ भूक्तानी केन्द्र ४ सिंहदरवार, एभरेष्ट वैंक नयांवानेश्वरको धरौटी खाता नं.१३५००१ मा रु.३,७५,०००।- (तीन लाख पचहत्तर हजार) मात्र जम्मा गरेको सक्कल प्रति वैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणीज्य वैंकवाट यस विभागको नाममा जारी गरिएको तीन महिना अवधिको मान्यता प्राप्त वैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नू पर्ने छ ।

३। वोलपत्र फाराम अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना पथम पटक प्रकाशित भएकाले मितिले ३१ औ दिनको १२:०० बजे भित्र यस विभागको दर्ता शाखामा वूझाउनू पर्नेछ । वोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा हूनेछ ।

४। उपलव्ध गराउने जिप विभागीय टेक्निकल स्पेशिफिकेशन वमोजिम हूनू पर्नेछ, जिपको टेक्निककल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक वोलपत्र साथ समावेश गरी जिपको Servising, Warranty आदि सम्वन्धमा समेत खूलाउनू पर्नेछ ।

५। यस विभागवाट प्राप्त गरेको वोलपत्र फाराममा उल्लेखित जीपको प्रति इकाइ दरभाउ अंक र अक्षर दूवैमा स्पष्ट खूलाउनू पर्नेछ । अंक र अक्षरमा फरक दर उल्लेख गरेमा अक्षरमा उल्लेखित दर कायम गरिने छ ।

६। म्याद भित्र पर्न आएका रितपुर्वकका वोलपत्रहरु यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १४:०० वजे उपस्थित वोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा यस विभागमा खोलिने छ । वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा वोलपत्र खोलिने छ ।

७। स्वीकृत वोलपत्रदाताले यस विभागले तोकेको म्याद भित्र धरोटी वापत ५ प्रतिशतलाई नपूग रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा ठेक्का अवधिभर ग्यारेण्टी मान्य हूने शर्त रहेको वैंक जमानत (परफरमेन्स वण्ड) पेश गरी ठेक्कापट्टाको सम्झौता गर्नू पर्नेछ ।

८। म्याद नाघि आएको वा रित नपूगेको वा विभिन्न शर्त उल्लेख गरेको वोलपत्र उपर कूनै कारवाही हूने छैन, वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विभागमा सूरक्षित रहने छ । वोलपत्र सम्वन्धी अन्य कूरा बूझ्नू परेमा कार्यालय समय भित्र यस विभागमा सम्पर्क राख्न सकिने छ ।

९। वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यावसाय सम्वन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयम घोषणापत्र वोलपत्र साथ पेश गर्नू पर्नेछ ।

१०।एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको वोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

११।अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ अनूसार तय भए बमोजिम हूनेछ ।